बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

हेटौंडा, नेपाल

# भेडा बाख्रामा लाग्ने पिपिआर (Peste Des Petits Ruminants) रोग नियन्त्रण तथा रोकथामको लागि सप्ताह व्यापी खोप अभियान सञ्चालन कार्ययोजना, २०७९

स्वीकृत मितिः २०७९/१०/१६

## १. पृष्ठभूमि :

नेपालमा पिपिआर रोगका कारण वर्षेनी धेरै संख्यामा भेडा बाख्रहरुको मृत्यु भई कृषकहरुले निकै ठुलो आर्थिक क्षति व्यहोर्नु परेको छ। यस कारणबाट भेडा बाख्रा पालनमा आश्रित कृषक तथा व्यवसायीहरु व्यवसायबाट पलायन हुन सक्ने अवस्था आउन सक्ने सम्भावनालाई मध्यनजर राख्दै पिपिआर रोग नियन्त्रणको लागि प्रभावकारी कदम चाल्न आवश्यक भएको हुनाले खोप अभियान एक महत्वपूर्ण कदम हुन सक्छ।

पिपिआर भेडा बाख्रामा विषाणुबाट लाग्ने घातक संक्रामक रोग हो। यसलाई भेडा बाख्राको हैजा (Sheep and Goat Plague) पनि भनिन्छ। सुरुमा अफ्रिका महादेशमा सिमित रहेको यो रोग हाल विश्वका धेरै मुलुकमा फैलिई सकेको छ। यो रोग नेपालका सबै जिल्लामा देखा परिसकेको छ। यो रोग पुरानो ठाउँमा देखा पर्दा मृत्यु दर कम भएपनि नयाँ ठाउँमा फैलिदा करिब ८० प्रतिशत मृत्यु दर हुने गरेको पाइन्छ। यो रोगको खास उपचार नभएकोले यसको नियन्त्रणको लागि सबै भन्दा प्रभावकारी पद्धति व्यापक रुपमा सामुहिक खोप लगाउने (Mass vaccination ) नै भएकोले खोप कार्यक्रमलाई प्रभावकारी तवरले सञ्चालन गरी पिपिआर रोग नियन्त्रण गर्न अपरिहार्य छ।

विश्व पशु स्वास्थ्य सँगठन (Office International des Epizooties - OIE) र संयुक्त राष्ट्र खाद्य तथा कृषि सँगठन (Food and Agriculture Organization of United Nations - FAO) ले सन् २०३० सम्म पिपिआर उन्मुलन गर्ने रणनीति अघि सारिसकेको परिप्रेक्षमा पशु स्वास्थ्य कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को परिच्छेद -३ पिपिआर रोग नियन्त्रण कार्यक्रम कार्यान्वयनको माध्यमबाट यस रोगलाई प्रभावकारी तवरले नियन्त्रण गर्नको लागि स्पष्ट कार्य योजना बनाई पिपिआर खोप अभियान सञ्चालन गर्न लागिएको छ।

## २. उद्देश्यहरु

(१) खोप अभियान सञ्चालन गरी पिपिआर रोग नियन्त्रण गर्ने ।

(२) प्रदेश भरी पिपिआर रोग न्यूनिकरणका लागि जनचेतना फैलाउने ।

(३) भेडा बाख्रापालनमा असल अभ्यासलाई प्रभावकारी ढङ्गबाट अवलम्बन गराउन सहयोग पुऱ्याउने।

## ३. बागमती प्रदेशमा भेडा बाख्राको तथ्याङ्क

| क्र सं | जिल्ला | स्थानीय तह | भेडा संख्या | बाख्रा संख्या | भेडा मासु (मे.टन) | बाख्रा मासु (मे.टन) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | भक्तपुर | ४ | १०१७ | ४२५०७ | ४ | २२४ | |
| २ | चितवन | ७ | ३०७० | २६८५१७ | ११ | १४१३ | |
| ३ | धादिङ | १३ | ९६३० | १८९०५३ | ३६ | ९९५ | |
| ४ | दोलखा | ९ | ११२७१ | १७९३६८ | ४२ | ९४४ | |
| ५ | काठमाडौं | ११ | ११८३ | ४९५४३ | ४ | २६१ | |
| ६ | काभ्रे | १३ | ३८०७ | ३०९५५८ | १४ | १६२९ | |
| ७ | ललितपुर | ६ | २३४५ | ७३०७९ | ९ | ३८५ | |
| ८ | मकवानपुर | १० | २७९१ | ३०८८४२ | १० | १६२६ | |
| ९ | नुवाकोट | १२ | १५७०० | ३४१००० | ५९ | १७९५ | |
| १० | रामेछाप | ८ | २५२६ | २१८४५३ | ९ | ११५० | |
| ११ | रसुवा | ५ | २९००६ | ४२१६९ | १०८ | २२२ | |
| १२ | सिन्धुली | ९ | ४६२ | २९०३४५ | २ | १५२८ | |
| १३ | सिन्धुपाल्चोक | १२ | ९७५३ | २०८२३७ | ३६ | १०९६ | |
| | **जम्मा** | **११९** | **९२५६१** | **२५२०६७१** | **३४४** | **१३२६८** | |

*Source: Annual Progress Report FY 2078/79, Ministry of Agriculture and Livestock Development, Bagamati Province*

## ४. संघीय सशर्त मार्फत प्राप्त खोप र खोप उपलब्धताको अवस्था

| क्र स | जिल्ला | भेडा संख्या | बाख्रा संख्या | जम्मा भेडा बाख्रा संख्या | उपलब्ध खोपको मात्रा | खोप उपलब्धता प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | भक्तपुर | १०१७ | ४२५०७ | ४३५२४ | ३२००० | ७४ | |
| २ | चितवन | ३०७० | २६८५१७ | २७१५८७ | १३५००० | ५० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | धादिङ | ९६३० | १८९०५३ | १९८६८३ | ११४००० | ५७ | |
| ४ | दोलखा | ११२७१ | १७९३६८ | १९०६३९ | १०२००० | ५४ | |
| ५ | काठमाडौं | ११८३ | ४९५४३ | ५०७२६ | ३८००० | ७५ | |
| ६ | काभ्रे | ३८०७ | ३०९५५८ | ३१३३६५ | १७६००० | ५६ | |
| ७ | ललितपुर | २३४५ | ७३०७९ | ७५४२४ | ६०००० | ८० | |
| ८ | मकवानपुर | २७९१ | ३०८८४२ | ३११६३३ | १८८००० | ६० | |
| ९ | नुवाकोट | १५७०० | ३४१००० | ३५६७०० | २३५००० | ६६ | |
| १० | रामेछाप | २५२६ | २१८४५३ | २२०९७९ | १०९००० | ४९ | |
| ११ | रसुवा | २९००६ | ४२१६९ | ७११७५ | ३१००० | ४४ | |
| १२ | सिन्धुली | ४६२ | २९०३४५ | २९०८०७ | ३२००० | ११ | |
| १३ | सिन्धुपाल्चोक | ९७५३ | २०८२३७ | २१७९९० | १७००० | ८ | |
| | **जम्मा** | ९२५६१ | २५२०६७१ | २६१३२३२ | १२६९००० | ४९ | |

## ५. खोप अभियान सञ्चालनको लागि पूर्व तयारी

- सरोकारवालाहरुसँग समन्वय र सहजीकरण बैठक गर्ने,
- स्थानीय तहबाट खोप लगाउनु पर्ने आवश्यक भेडा बाख्राको तथ्याङ्क सङ्कलन गर्ने,
- सम्बन्धित पालिकाहरुसँग समन्वय गरी विज्ञ केन्द्रले खोप केन्द्रहरु निर्धारण गर्ने,
- खोप केन्द्रमा खोप उपलब्धताको तयारी गर्ने,
- खोप केन्द्रमा खोप सञ्चयको उचित प्रबन्ध मिलाउने,
- खोप लगाउने प्राविधिकहरुको संख्या आँकलन गर्ने र खोप लगाउने प्राविधिकको नियुक्त गर्ने,
- खोप लगाउन चाहिने आवश्यक सामाग्रीहरुको स्वीकृत कार्यक्रम बमोजिम खरिद गरी खोप केन्द्रलाई उपलब्ध गराउने,
- भ्याक्सिनेटरलाई पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ बमोजिम पारिश्रमिक उपलब्ध गराउने,
- सम्बन्धित विज्ञ केन्द्रले खोप अभियानमा प्रभावकारी तथा गुणस्तरीय सेवा प्रदान भए नभएको अनुगमन तथा निरीक्षण गरी पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयमा प्रतिवेदन पेश गर्ने,
- कार्यक्रम बारे भ्याक्सिनेटरहरु र सरोकारवालाहरुलाई अभिमुखीकरण गराउने,

- कार्यक्रम बारे विभिन्न मिडियाहरुबाट प्रचार प्रसार गर्ने,
- कार्यक्रम बारे पम्पलेट तथा पोष्टरको माध्यमबाट प्रचार प्रसार गर्ने,
- खोप अभियान मिति २०७९/११/०१ देखि २०७९/११/०७ सम्म सप्ताहव्यापी सञ्चालन गर्ने ।

## ६. खोप अभियान सुरु गर्ने

- प्रदेश भरी एकै समयमा खोप अभियान सुरु गर्ने,
- खोप कार्यको दैनिक तथ्याङ्क सङ्कलन सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले गर्ने । सो तथ्याङ्क सङ्कलनको लागि प्रत्येक विज्ञ केन्द्रले फोकल पर्सन तोकी पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय मार्फत मन्त्रालयलाई जानकारी गराउने,
- खोप केन्द्रहरुको व्यवस्थापन कार्यमा सहजीकरण तथा समन्वयकारी भूमिका पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयले गर्ने,
- अभियान कार्यक्रमको सुपरीवेक्षण तथा अनुगमन कार्य कृषि तथा पशुपन्छी विकास मन्त्रालय बागमती प्रदेश र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयले गर्ने ।

## ७. खोप कार्य तालिका

| मिति | कार्य विवरण | जिम्मेवार निकाय | कैफियत |
|---|---|---|---|
| २०७९ माघ २५ गते भित्र | ▪ भ्याक्सिनेटर नियुक्तिको लागि सूचना प्रकाशन तथा भ्याक्सिनेटर छनौट<br>▪ बाख्रा व्यवसायी महासंघ सँग खोप अभियान सम्बधी समन्वय बैठक गर्ने । | ▪ सम्बन्धित स्थानीय तहको समन्वयमा सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र<br>▪ कृषि तथा पशुपन्छी विकास मन्त्रालय बागमती प्रदेश | |
| २०७९ माघ मसान्त भित्र | ▪ भ्याक्सिनेटरको कार्य क्षेत्र तोकी नियुक्ति दिने ।<br>▪ आवश्यकता अनुसार खोप केन्द्र तोक्ने र सोको जानकारी सम्बन्धित वडा | ▪ सम्बन्धित स्थानीय तहको समन्वयमा सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | |

| | | | |
|---|---|---|---|
| | कार्यालयलाई जानकारी सहित सहयोगको लागि अनुरोध गर्ने ।<br>▪ २० भन्दा बढी भेडाबाख्रा पाल्ने कृषकको पहिचान गरी सोही स्थानमा खोप लगाउन सकिने छ ।<br>▪ पिपिआर खोप कार्ड खोप, अभियान लोगो, जिङ्गल, पम्पलेट तथा ब्रोसर लगायतका प्रसार सामाग्री निर्माण | ▪ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | |
| २०७९ माघ २३ गते देखि २९ गते सम्म | ▪ रेडियो एफएम पत्रपत्रिका लगायत विभिन्न मिडियाबाट प्रचार प्रसार गर्ने ।<br>▪ खोप भण्डारण गर्ने र खोप लगाउन आवश्यक सामाग्रीहरु खरिद गरी खोप केन्द्रलाई उपलब्ध गराउने ।<br>▪ रोगको उच्च जोखिम रहेको क्षेत्र पहिचान गरी खोप लगाउनको लागि पहिलो प्राथमिकतामा राखी स्थान निर्धारण गर्ने । | ▪ सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, निर्देशनालय र मन्त्रालय<br>▪ सम्बन्धित विज्ञ केन्द्र<br>▪ सम्बन्धित स्थानीय तह र विज्ञ केन्द्र | |

| | | | |
|---|---|---|---|
| | ▪ नपुग खोपको मात्राको आवश्यक व्यवस्था मिलाउने<br><br>▪ खोप अभियान बारे सम्बन्धित स्थानीय तह र सुरक्षा निकायलाई जानकारी गराउने । | ▪ निर्देशनालय र मन्त्रालय<br><br>▪ सम्बन्धित विज्ञ केन्द्र | |
| २०७९/१०/२९ | प्रेस ब्रिफिङ्ग गर्ने । | ▪ मन्त्रालय | |
| २०७९/११/०१ | ▪ खोप अभियान उद्घाटन गर्ने ।<br><br>▪ विज्ञ केन्द्रहरुले सम्बन्धित स्थानीय तह पशु सेवा शाखा वा खोप केन्द्रबाट खोप लगाएको तथ्याङ्क सङ्कलन गरी पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयमा पठाउने । | ▪ कृषि तथा पशुपन्छी विकास मन्त्रालय बागमती प्रदेश<br><br>▪ सम्बन्धित विज्ञ केन्द्रहरु | |
| २०७९ फाल्गुण मसान्त भित्र | ▪ खोपको प्रभावकारिता अनुगमनको लागि सिरम सङ्कलन गरी प्रारम्भिक परीक्षणको प्रतिवेदन सम्बन्धित प्रयोगशालाले प्रदेशस्थित पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयलाई उपलब्ध गराउने र निर्देशनालयले | ▪ पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय बागमती प्रदेश, सम्बन्धित विज्ञ केन्द्रहरु र केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला त्रिपुरेश्वर, काठमाडौं | |

| | | | |
|---|---|---|---|
| | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मार्फत सम्बन्धित स्थानीय तहलाई जानकारी गराउने ।<br>▪ खोप कार्यको अनुगमन तथा पृष्ठपोषण गर्ने । | ▪ मन्त्रालय र निर्देशनालय | |

## ८. तथ्याङ्क सङ्कलन तथा सार्वजनिकीकरण

(१) खोप अभियानको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापनको लागि सम्बन्धित विज्ञ केन्द्रले एक जना प्राविधिक कर्मचारीलाई फोकल पर्सन तोकी सो को जानकारी निर्देशनालयलाई गराउनु पर्नेछ ।

(२) निर्देशनालयले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुबाट प्राप्त खोप कार्यको तथ्याङ्क सङ्कलन र कम्पाइलेशन गरी मन्त्रालयमा प्रेषण गर्न एक जना अधिकृतलाई फोकल पर्सन तोकी सो को जानकारी मन्त्रालयमा गराउनु पर्नेछ ।

(३) मन्त्रालयले पशुपन्छी विकास महाशाखामा कार्यरत एक जना अधिकृतलाई फोकल पर्सन तोक्ने छ ।

(४) सम्बन्धित विज्ञ केन्द्रको फोकल पर्सनले दैनिक खोप लगाएको तथ्याङ्क तथा सूचना खोप केन्द्र तथा सम्बन्धित स्थानीय पशु सेवा शाखाबाट सङ्कलन गरी सोही दिन बेलुकी निर्देशनालयको फोकल पर्सनलाई अनुसूची-१ को ढाँचामा उपलब्ध गराउनु पर्नेछ ।

(५) निर्देशनालयको फोकल पर्सनले खोप लगाएको दिनको भोली पल्ट बिहान १०:०० बजे भित्र मन्त्रालयको फोकल पर्सनलाई अनुसूची-२ को ढाँचामा खोप लगाएको तथ्याङ्क तथा सूचना उपलब्ध गराउनु पर्नेछ ।

(६) मन्त्रालयले खोप अभियान सुरु गरेको भोलि पल्टदेखि दैनिक रुपमा अघिल्लो दिनको खोप लगाएको तथ्याङ्क तथा सूचना अनुसूची-३ को ढाँचामा प्रेस नोट जारी गरी सार्वजनिक गर्नेछ ।

अनुसूची-१

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयमा खोप कार्य सम्बन्धी विवरण पठाउने ढाँचा

| क्र.स. | खोप सञ्चालन भएको स्थानीय तह | | भएका पशु संख्या | | | | खोप गरिएका पशु संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्थानीय तहको नाम | वडा नं | पाठापाठी | पठेंग्रा पठेंग्री / छतौरा छतौरी | वयस्क | जम्मा | पठेंग्रा पठेंग्री / छतौरा छतौरी | वयस्क | जम्मा | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | जम्माः | | | | | | | | | |

# अनुसूची-२

## पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, बागमती प्रदेशले जिल्लागत पिपिआर विरुद्धको खोपको विवरण कम्पाइलेशन गर्ने ढाँचा

### पिपिआर रोग नियन्त्रण तथा रोकथामको लागि पिपिआर विरुद्धको खोप अभियान,२०७९

| क सं | मिति | जिल्ला | | | | | | | | | | | | | | | | | | | | | | | | | | जम्मा: | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | काभ्रे | | ललितपुर | | काठमाण्डौ | | भक्तपुर | | दोलखा | | सिन्धुपाल्चोक | | सिन्धुली | | रामेछाप | | मकवानपुर | | चितवन | | नुवाकोट | | रसुवा | | धादिङ | | | |
| | | भेडा | बाखा | भेडा | बाखा | भेडा | बाखा | भेडा | बाखा | भेडा | बाखा | भेडा | बाखा | भेडा | बाखा | भेडा | बाखा | भेडा | बाखा | भेडा | बाखा | भेडा | बाखा | भेडा | बाखा | भेडा | बाखा | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | जम्मा: | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | जम्मा बाखा संख्या | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | जम्मा भेडा संख्या | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

## अनुसूची-३

## कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेशले प्रदेशभर भएको पिपिआर विरुद्धको खोप विवरण कम्पाइलेशन गर्ने ढाँचा

**पि.पि.आर रोग विरुद्धको सप्ताहव्यापी खोप अभियान कार्यक्रम अन्तर्गत मिति ............ गते खोप लगाएका भेडाबाख्राहरुको विवरण**

| क्र.सं. | जिल्ला | खोप लगाएका भेडा बाख्रा(संख्या) | | |
|---|---|---|---|---|
| | | बाख्रा | भेडा | जम्मा |
| १ | काभ्रेपलाञ्चोक | | | |
| २ | ललितपुर | | | |
| ३ | काठमाडौं | | | |
| ४ | भक्तपुर | | | |
| ५ | दोलखा | | | |
| ६ | सिन्धुपाल्चोक | | | |
| ७ | सिन्धुली | | | |
| ८ | रामेछाप | | | |
| ९ | मकवानपुर | | | |
| १० | चितवन | | | |
| ११ | नुवाकोट | | | |
| १२ | रसुवा | | | |
| १३ | धादिङ | | | |
| **जम्मा** | | | | |

बागमती प्रदेशमा मिति ................. गते सम्म जम्मा ...................... भेडा बाख्राहरुमा पिपिआर विरुद्धको खोप लगाईएको छ।